नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
जनशक्ति व्यवस्थापन विभागको

# अनलाईन (Online) दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

यस बैंकमा रिक्त रहेका निम्न पदहरु खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट **मिति २०७७/०९/०३** देखि अनलाईन (Online) दरखास्त फाराम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको अनलाईन (Online) फाराममा भर्नु पर्ने सम्पूर्ण विवरण भरी सोको साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो Scan / Attach गरी तोकिएको दस्तुर तिरी **मिति २०७७/०९/२३ सम्म र दोब्बर दस्तुर तिरी मिति २०७७/१०/०१** सम्म अनलाईन (Online) दरखास्त पेश गर्नु पर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी अनलाईन (Online) दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ ।

| विज्ञापन नं. | पद/श्रेणी | सेवा | पद संख्या | समूह/पद संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खुला | महिला | आ.ज. | मधेशी | दलित | अपांग | पि.क्षे. |
| १०/२०७७ | सहायक निर्देशक (अधिकृत तृतीय) | प्रशासन | ३१ | १७ | ५ | ४ | २ | १ | - | २ |
| ११/२०७७ | सहायक निर्देशक (अधिकृत तृतीय) लेखा/लेखा परीक्षण | प्रशासन | ५ | ४ | - | - | - | - | १ | - |
| १२/२०७७ | सहायक निर्देशक (अधिकृत तृतीय) बाणिज्य कानून | प्रशासन | २ | १ | - | १ | - | - | - | - |
| १३/२०७७ | सहायक (सहायक द्वितीय) | प्रशासन | १० | ६ | १ | २ | १ | - | - | - |
| १४/२०७७ | सहायक (सहायक द्वितीय) कानून | प्रशासन | २ | १ | १ | - | - | - | - | - |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

(क) **सहायक निर्देशक विज्ञापन नं. १०/२०७७ पदको लागि :** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्यशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ख) **सहायक निर्देशक (लेखा/लेखा परीक्षण) विज्ञापन नं. ११/२०७७ पदको लागि :** मान्यता प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ग) **सहायक निर्देशक (बाणिज्य कानून) विज्ञापन नं. १२/२०७७ पदको लागि :** त्रिभुवन विश्वविद्यालय वा मान्यताप्राप्त विश्वविद्यालयबाट बाणिज्य कानूनमा स्नातकोत्तर उत्तीर्ण गरेको वा अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर परीक्षा उत्तीर्ण गर्नुका साथै वि.एल. उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(घ) **सहायक (सहायक द्वितीय) विज्ञापन नं. १३/२०७७ पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट १० जोड २ वा सो सरहको उपाधि हासिल गरेको हुनुपर्नेछ ।

(ङ) **सहायक (सहायक द्वितीय) कानून विज्ञापन नं. १४/२०७७ पदको लागि :** मान्यताप्राप्त शिक्षण संस्थाबाट कानूनमा दश जोड दुई (१०+२) उत्तीर्ण वा जुनसुकै विषयमा दश जोड दुई (१०+२) उत्तीर्ण गरी कानून विषयमा न्यूनतम २ शैक्षिक सत्र (Academic Year) भएको माथिल्लो तहको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ ।

२. **समावेशीको आधार :-** समावेशी समूहतर्फ फाराम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रको लागि सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

३. **तलब भत्ता तथा सुविधा :-** बैंकको नियमानुसार हुनेछ ।

४. **उम्मेदवारको उमेर :-**

(क) **सहायक निर्देशक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७७/०९/२३) सम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) **सहायक पदको लागि** दरखास्त दिने अन्तिम मिति (२०७७/०९/२३) सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनु पर्नेछ । महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

(ग) यस बैंकको वहालवाला कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

५. **परीक्षाको किसिम :-**

(क) विज्ञापन नं. १०/२०७७ र १३/२०७७ को पदको लागि पूर्व-योग्यता, लिखित र अन्तर्वार्ता माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

(ख) विज्ञापन नं. ११/२०७७, १२/२०७७ र १४/२०७७ का पदको लागि लिखित र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ ।

(पूर्व-योग्यता र विषयगत लिखित परीक्षाको संचालन लोक सेवा आयोगले गर्नेछ । साथै, पूर्व-योग्यता, विषयगत लिखित परीक्षा र अन्तर्वार्ता काठमाडौमा संचालन हुनेछ । )

६. **परीक्षणकाल अवधि :-** महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

७. **निवृत्तिभरण पाउने वा नपाउने :-** निवृत्तिभरण पाउने ।

८. **परीक्षा दस्तुर :-**

(क) **सहायक निर्देशक (विज्ञापन नं. १०/२०७७, ११/२०७७ र १२/२०७७) पदको लागि :** खुला समूहको लागि रु. ८००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. ३००।- (कुनै एक समावेशी समूहका लागि मात्र रु. ८००।- तथा एक भन्दा बढी समावेशी समूहमा सहभागी हुन प्रत्येक थप समावेशी समूहका लागि थप रु. ३००।-)

(ख) **सहायक (विज्ञापन नं. १३/२०७७ र १४/२०७७) पदको लागि :** खुला समूहको लागि रु. ६००।- र प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. २००।- (कुनै एक समावेशी समूहका लागि मात्र रु. ६००।- तथा एक भन्दा बढी समावेशी समूहमा सहभागी प्रत्येक थप समावेशी समूहका लागि थप रु. २००।-)

(रीत नपुगेको कारणले अस्वीकृत हुने आवेदनहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन । )

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया :-** अनलाईन (Online) दरखास्त फाराम Submit गरे पश्चात प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने परीक्षा दस्तुर eSewa, Connect IPS र Khalti मार्फत बुझाउनु पर्नेछ । Application Number र नाम उल्लेख नगरिएको तथा तोकिए बमोजिमको रकम जम्मा नगरेको अनलाइन दरखास्त फाराम रीतपूर्वक नभएको मानिनेछ ।

१०. **पदस्थापन :-** उपरोक्त विज्ञापन १०/२०७७ र ११/२०७७ अनुसार नियुक्त हुने कर्मचारीहरुलाई बैंकको आवश्यकता अनुसार केन्द्रीय कार्यालय र उपत्यका बाहिरका कार्यालयहरुमा पदस्थापन गरिनेछ । विज्ञापन नं. १३/२०७७ अनुसार नियुक्त हुने कर्मचारीलाई उपत्यका बाहिरका कार्यालयमा मात्र पदस्थापन गरिनेछ ।

११. **सम्पर्क मिति :** लिखित परीक्षा सम्बन्धी सूचना लोक सेवा आयोगबाट प्रकाशित हुनेछ ।

१२. Online दरखास्त फाराम भर्न नेपाल राष्ट्र बैंकको Website : www.nrb.org.np को CAREER भित्र गई अनलाईन Online Portal for Open Competition बाट भर्न सकिनेछ ।

१३. Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा यस बैंकको टेलिफोन नं. ०१४४१९८०४, ०१४४१९८०५, ०१४४१९८०६, ०१४४१९८०७ एक्सटेन्सन नं.: १३८ र १४६ वा ०१४४४१०३६ अथवा यस बैंकको ईमेल career@nrb.org.np मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१४. यो सूचना तथा उपरोक्त पदहरुको पाठ्यक्रम यस बैंकको **website: www.nrb.org.np** को **CAREER** मा राखिएको छ ।

मिति :- २०७७/०९/०३

(रामु पौडेल)
कार्यकारी निर्देशक